निर्वाचन आयोग नेपाल

# जिल्ला निर्वाचन कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

फो.नं. ०८८-४१३०८०
ईमेल:- deorukumeast@gmail.com

प.स. २०७९/०८०
च.नं. ४८

मितिः २०७९/०५/२३

श्री स्थानीय तहहरु सबै,
रुकुम पूर्व ।

**विषयः- सुचना टाँस तथा Website मा प्रकाशन गरी मुचुल्का समेत पठाईदिने सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा यसै पत्रसाथ संलग्न सूचना (थान २) र निर्वाचन आयोग नेपालबाट प्राप्त तहाँ गाउँपालिकासँग सम्वन्धित गाउँ कार्यपालिका सदस्य निर्वाचन २०७९ मा उम्मेदवार रहेका हरुको निर्वाचन खर्च पेश गरेको/नगरेको विवरण तहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै Website मा अपलोड गरिदिनुहुन अनुरोध छ । साथै सूचना पाटीमा टाँस गरिएको र Website मा अपलोड गरिएको मुचुल्का सहितको जानकारी उपलब्ध गराउनुहुन समेत अनुरोध छ । खर्च सार्वजनिकिकरण गर्ने कार्यपालिका सदस्यहरुको हकमा सार्वजनिक गरेको जानकारी समेत यस कार्यालयमा पठाईदिनुहोला ।

तेजकुमार ओली
जिल्ला निर्वाचन अधिकारी

श्री प्रशासन शाखा

"स्वतन्त्र र निष्पक्ष निर्वचान राष्ट्रको गौरव"
"Free and Fair Election Pride of Nation"

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत रुकुम पुर्व जिल्लाको पुथा गाउँ कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.सं. | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुथा उत्तरगंगा गाउँपालिका | महिला सदस्य | ग्वारी बुढा मगर | १८७७३६११ | महिला | ४७ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | पेश नगरेको |
| २ | पुथा उत्तरगंगा गाउँपालिका | महिला सदस्य | मन्लि पुन | १०६४४६२० | महिला | ४२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | समयमा पेश |
| ३ | पुथा उत्तरगंगा गाउँपालिका | महिला सदस्य | जोर कुमारी बुढा | १८७७३४२९ | महिला | ३२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | पेश नगरेको |
| ४ | पुथा उत्तरगंगा गाउँपालिका | महिला सदस्य | भारती बुढा | १०६४१७२२ | महिला | ४३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | पेश नगरेको |
| ५ | पुथा उत्तरगंगा गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राजकुमार सुनार | १९२१७०२३ | पुरुष | ३४ | स्वतन्त्र | निर्वाचित | समयमा पेश |
| ६ | पुथा उत्तरगंगा गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | जानु छन्तेल | २०१६३०५९ | पुरुष | ४७ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| ७ | पुथा उत्तरगंगा गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | हर्क बहादुर कामी | १०५८७८७७ | पुरुष | ४८ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सावर्जनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।२३

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦